# कचनकवल गाउँपालिकाको इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०८०

**पृष्ठभूमि :-**

प्रशासनिक खर्चमा मितव्ययिता साथै कर्मचारीहरुको मनोबल उच्च राखी सरल, सहज र उत्कृष्ट सेवा प्रवाहलाई समेत टेवा पुग्ने गरी इन्धन सम्बन्धि मापदण्ड बनाउनुपर्ने आवश्यकता देखिएकोले कचनकवल गाउँपालिकाको प्रशासकीय गतिविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि गाउँपालिकाको दोश्रो गाउँसभाको चौथो अधिवेशनको पहिलो बैठकबाट यो मापदण्ड स्वीकृत गरी जारी गरिएको छ |

## परिच्छेद -०१
### (संक्षिप्त नाम र प्रारम्भ)

१. **संक्षिप्त नाम :-**

(क) कचनकवल गाउँपालिकाको इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०८० रहेको छ |

(ख) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ |

२. **परिभाषा तथा व्याख्या :-**

(क) "इन्धन" भन्नाले डिजेल वा पेट्रोल सम्झनु पर्दछ |

(ख) "कर्मचारी" भन्नाले कचनकवल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीलाई जनाउँछ |

(ग) "कार्यालय" भन्नाले कचनकवल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ |

(घ) "स्वकीय सचिवालय" भन्नाले गाउँपालिका अध्यक्ष र उपाध्यक्षको सचिवालयलाई जनाउँछ |

(ङ) "अधिकार प्राप्त अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ |

## परिच्छेद -०२
### (इन्धन सुविधा सम्बन्धी व्यवस्था)

३. **इन्धन सुविधा :-**

(क) सरकारी तथा निजी सवारीसाधन प्रयोग गरि नियमित रुपमा कार्यालयको कामकाजमा खटिइरहेका प्राविधिक र अप्राविधिक कर्मचारीहरुलाई अनुसूची-०१ बमोजिम इन्धन सुविधा नगदमै सम्बन्धित कर्मचारीको तलव संगै निजको बैंक खातामा जम्मा गरिनेछ |

(ख) निजी सवारीसाधन प्रयोग गर्ने कर्मचारीहरुले इन्धन सुविधा लिन चाहेमा आफुले प्रयोग गरेको सवारी साधनको ब्लु बुक र सवारीसाधन चालक अनुमतीपत्रको प्रतिलिपि अनिवार्य रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ | ब्लुबुक र सम्बन्धित कर्मचारीको नाममा रहेको सवारीसाधन चालक अनुमतीपत्रको प्रतिलिपि पेश नगरेसम्म इन्धन वापतको सुविधा उपलब्ध गराईने छैन |

(ग) कार्यालयले इन्धन सुविधा वितरणको अभिलेख अध्यावधिक गरी राख्नुपर्नेछ |

२०८०/१२/०९

[stamp:] ... प्रसाद सिंह राजवंशी
गा.पा. अध्यक्ष

(घ) स्वकीय सचिवालयका कर्मचारीहरुले निजहरुको पद/ तह बमोजिम कार्यालयका सोहि पद/ तहमा कार्यरत अन्य कर्मचारीले पाउने सरहको सुविधा नगदमै प्राप्त गर्नेछन |

(ङ) मापदण्ड भन्दा बढी इन्धन आवश्यक भएमा कार्यालयको विनियोजित बजेटको सीमाभित्र रही आवश्यक पुष्ट्याइका आधारमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र थप इन्धन उपलव्ध गराउन सक्नेछ |

(च) चारपांग्रे वा सो भन्दा ठुला सवारीसाधन संचालनको लगबुक भरि तोकिएको अधिकारीले प्रमाणित गरेको हुनुपर्नेछ |

(छ) अनुसूची-०१ बमोजिम तोकिएको इन्धन सुविधा प्राप्त गर्ने कर्मचारी लगातार एक महिना बढी समय विदामा बस्न परे सो अवधिको इन्धन सुविधा उपलव्ध गराईने छैन |

(ज) ससर्त अनुदान तथा कार्यक्रम अन्तर्गत कार्यरत रहेका कर्मचारीहरुले संबन्धित कार्यक्रम मार्फत इन्धन तथा सवारी साधन मर्मत शिर्षकमा विनियोजित बजेटबाट यसै मापदण्ड बमोजिम इन्धन तथा मर्मत सुविधा उपलव्ध गरईनेछ |

(झ) अतिथि शिर्षकमा इन्धन उपलव्ध गराउनुपर्ने भएमा अधिकारप्राप्त अधिकारीको स्वीकृतिमा मात्र उपलव्ध गराउनुपर्नेछ |

(ञ) इन्धन सम्बन्धि अभिलेख कार्यालयको आर्थिक प्रशासन शाखा तथा जिन्शी उपशाखाले राख्नुपर्नेछ |

(ट) कार्यालयले इन्धन शिर्षकमा विनियोजन गरेको रकम उल्लेखित मापदण्ड बमोजिम इन्धन सुविधा उपलव्ध गराउँदा अपुग भएमा वा बजेट कटौती भएको अवस्थामा अधिकार प्राप्त अधिकारीले उल्लेखित मापदण्ड बमोजिमको सुविधा कटौती गर्न वा स्थगित गर्न बाधा पर्नेछैन |

४. **विद्युतीय सवारी साधनको प्रयोग :-** यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कर्मचारीले विद्युतीय सवारी साधन प्रयोग गरेको अवस्थामा यस मापदण्ड बमोजिम इन्धन तथा मर्मत वापत उपलव्ध गराईने रकमको आधा रकम प्रदान गरिनेछ |

५. **इन्धन वापतको रकममा कर लाग्ने :-** इन्धन वापत नगद उपलव्ध गराउँदा सो नगद रकम सम्बन्धित कर्मचारीको कुल आम्दानिमा गणना गरि प्रचलित कानुन बमोजिम कर लाग्नेछ |

६. **दुरुपयोग गर्न नहुने :-**

(क) यस मापदण्ड बमोजिम इन्धन तथा मर्मत सुविधा प्राप्त गर्ने कर्मचारीले अधिकार प्राप्त अधिकारिको स्वीकृतिमा बाहेक दोहोरो पर्ने गरि इन्धन वापतको सुविधा लिन पाईने छैन |

(ख) उपदफा (१) विपरित कुनै कर्मचारीले दोहोरो सुविधा लिएको पाइएमा अधिकार प्राप्त अधिकारी ले सम्बन्धित कर्मचारीबाट असुलउपर गर्नुपर्दछ |

७. **बाधा अड्काउ फुकाउने :-** यस मापदण्डको कार्यान्वयनमा कुनै समस्या उत्पन्न भएमा गाउँकार्यपालिकाले कुनै पनि समयमा आवश्यक निर्णय गरि बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ |

## परिच्छेद -०३
## (संशोधन, खारेजी र बचाउ )

८. **संशोधन, खारेजी र बचाउ :-**

(क) यस मापदण्डमा भएको व्यवस्थालाई आवश्यकता अनुसार संसोधन गर्न सकिनेछ |

(ख) यस अघि कार्यालयले उपलव्ध गराएको इन्धन खर्च समेत यसै बमोजिम भए/ गरेको मानिनेछ |

(... प्रसाद सिंह राजवंशी
गा.पा. अध्यक्ष)

**(अनुसूची-०१ )**

**नियम ३ को उपनियम (क) संग सम्बन्धित**

**(कर्मचारीहरुको लागि मासिक इन्धन सुविधा नगदमा)**

| सि.नं. | तह/ पद/ जिम्मेवारी | मासिक इन्धन वापत प्रदान गरिने रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | रु. ५,०००।- | |
| २. | शाखा प्रमुख (अधिकृत स्तर) | रु. ३,५००।- | |
| ३. | अधिकृत स्तर कर्मचारी (शाखा प्रमुख बाहेक) शाखा प्रमुख (सहायक स्तर)/ प्राविधिक शाखामा कार्यरत कर्मचारीहरु | रु. ३,०००।- | |
| ४. | सहायक स्तर कर्मचारी (शाखा प्रमुख बाहेक) / गाउँ प्रहरी हवल्दार | रु. २,०००।- | |
| ५. | गाउँ प्रहरी जवान / कार्यालय सहयोगी | रु. १,०००।- | |

आज्ञाले
सुभाष चन्द्र सुमन
गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत

कालेन्द्र प्रसाद सिंह राजवंशी
गा.पा. अध्यक्ष